**बालबालिकालाई निमोनियाबाट जोगाऔं**
निमोनियाबाट बालबालिकालाई बचाउन,
-नियमितरूपमा लगाइने खोपहरू लगाऔं ।
-आमाको दूधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
-धूलो, धूवाँ, चिसो तथा प्रदूषणबाट बचाऔं ।
-सरसफाइमा उचित ध्यान दिऔं ।
-सङ्क्रमण भएमा चिकित्सककसँग परामर्श गरौं ।
नेपाल सरकार
**विज्ञापन बोर्ड**

**PRATEEK DAILY**
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily .com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ कात्तिक २८ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 November 13 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७५

## आत्मरक्षा तालीम विश्व कीर्तिमानको लागि मात्र होइन -नगरप्रमुख

प्रस, वीरगंज, २७ कात्तिक/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले कात्तिक २८ गते बुधवारका दिन महानगरको आयोजनामा १० हजार किशोरीलाई आत्मरक्षा तालीम दिने तयारी पूरा भएको बताएका छन् ।



तस्वीरः प्रतीक

मङ्गलवार पत्रकार सम्मेलनको आयोजना गरी उनले नेपालमैं पहिलोपटक ठूलो सङ्ख्यामा किशोरीहरूलाई लक्षित गरेर वीरगंज महानगरपालिकाले आत्मरक्षा तालीमको आयोजना गर्न लागेको बताए । उनले यो आत्मरक्षा तालीमको विश्व कीर्तिमान कायम गर्ने उद्देश्य रहे पनि मूल उद्देश्य भने महानगरका किशोरीहरूले आफ्नो रक्षा आफैं गरून् भन्ने रहेको बताए । उनले भारतको निर्भया हत्याकाण्ड र नेपालको निर्मला हत्याकाण्डको शिकार महानगरका किशोरीहरू नहोऊन् भन्ने उद्देश्यका साथ उनीहरूलाई सिद्धहस्त प्रशिक्षकमार्फत आत्मरक्षा तालीम दिन लागिएको बताए ।

नगरप्रमुख सिंहले कात्तिक २८ गते एक घण्टा उद्घाटन सत्र र तीन घण्टा आत्मरक्षा तालीम वीरगंज-१० आदर्शनगर रङ्गशालामा आयोजना गरिने बताए । तालीममा सहभागी हुनको लागि तोकिएको सङ्ख्याभन्दा बढी आवेदन परेको र सामुदायिक तथा संस्थागत विद्यालयका साथै शिक्षिका र घरेलु महिलाहरू पनि तालीममा सहभागी हुन सक्ने व्यवस्था मिलाइएको उनले बताए । तालीममा सहभागी हुनेहरूले ट्र्याकसुट र टिसर्ट लगाउनुपर्ने र सोको व्यवस्था आफैंले गर्नुपर्ने उनले बताए ।

छवटा समूहमा तालीम आयोजना गरिने र सोसँगै प्रत्येक समूहमा स्वास्थ्यकर्मीहरूको व्यवस्था गरिएको साथै अन्य व्यवस्थापनको लागि पनि सुरक्षाकर्मी, स्वास्थ्यकर्मी र नपा कर्मचारीहरू पनि महिला नै सहभागी गराउने बताए । तालीम उद्घाटनको लागि राष्ट्रपति, प्रधानमन्त्रीलाई निमन्त्रण गरिएको तर उनीहरू कार्यव्यस्तताले आउन नसकेपछि जिल्लाकै खानेपानीमन्त्री प्रदीप यादवबाट उद्घाटन गराइने जानकारी गराए ।

तालीमका लागि आएका मार्शल आर्ट प्रशिक्षक डा चिता एजनेस सेठ्ठीले आफूले भारतीय महानायक अमिताभ बच्चनदेखि विश्वप्रसिद्ध चिनियाँ कङ्फू कलाकार ज्याकी च्याङसहित देशी-विदेशी कलाकारहरूलाई आत्मरक्षा तालीम प्रदान गरेको र नेपालमा पहिलोपटक सो तालीम दिन पाउँदा खुशी लागेको बताए ।

कार्यक्रममा वीरगंज महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले कक्षा ६-१२ सम्मका विद्यार्थीहरूलाई तालीममा सहभागी गराइने बताए । उनले १० हजार २६४ जनाले तालीममा सहभागी हुन आवेदन दिएका, उनीहरूको सूची गिनिज बूक अफ वर्ल्ड रेकर्डमा दर्ता गराएको र सोबाहेक पनि दुई-तीन हजारको सङ्ख्यामा बढी आवेदन परेको जानकारी गराए ।

पत्रकार सम्मेलनमा नेपाल-भारत सहयोग मञ्चका अध्यक्ष अशोक बैद, उपप्रमुख इम्तियाज आलम, महाराष्ट्रका राजीव ठाकुर (मास्टर थापा), सुगुन बाघ, श्रीदेवीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सहजीकरण श्याम सर्राफले गरेका थिए ।

## गठबन्धन भ्रष्टाचारीलाई जोगाउन बनेको -अध्यक्ष थापा

प्रस वीरगज, २७ कात्तिक/

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले नेकपा एमाले र नेपाली काङग्रेसको गठबन्धन सरकार भ्रष्टाचारीलाई जोगाउन बनेको आरोप लगाएका छन् ।

तराई-मधेस राष्ट्रिय सम्मेलनको अन्तिम दिन पार्टीले आयोजना गरेको पत्रकार सम्मेलनमा अध्यक्ष थापाले एमाले र काङ्ग्रेसका शीर्ष नेतादेखि कार्यकर्तासम्म कुनै न कुनै भ्रष्टाचार मुद्दामा आरोपित भइसकेका र उनीहरूलाई बचाउन दुवै दल एकजुट भएको बताए ।

अध्यक्ष थापाले रीतपूर्वक विद्युत् प्राधिकरणले महसूल उठाउन खोज्दा सरकारले महसूल उठाउन नदिएको कारण देशमा कति भ्रष्टाचार बढेको छ यसैबाट साबित हुने बताए । यस विषयमा विपक्षी दलहरू पनि चुप लाग्नु शङ्कास्पद भएको उनले बताए । व्यवस्था परिवर्तन भएको १८ वर्ष भइसक्दा पनि जनता झन्झन् गरीब हुँदै गएको उनले बताए । उनले मधेसमा उर्वर जमीन, बाटोघाटोको


तस्वीरः प्रतीक

सुविधा भएपनि मधेसी जनताको भविष्यसँग खेलवाड हुँदै आएको बताए । मधेस विकासको लागि तराई-मधेस राष्ट्रिय सम्मेलनको आयोजना गरिएको उनको भनाइ थियो । यहाँको जनशक्ति विदेशमा पुगी त्यहाँको विकास गरिरहेकोले यो मुलुकको विकास कसरी हुन्छ भनी अध्यक्ष थापाले प्रश्न गरे । मिटरब्याजी, सहकारी पीडित जनता सडकमा नाराबाजी गरिरहेको बेला नेताहरू सिंहदरबारमा बसेर देशको ढुकुटी लुट्ने योजना बनाइरहेको उनको आरोप थियो ।

पत्रकार सम्मेलन वरिष्ठ उपाध्यक्ष राजीव पराजुलीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## पर्सा र बारामा कार्तिक पूर्णिमा मेलाको तयारी

बलिराम शुक्ला, बडनिहार, २७ कात्तिक/

प्रत्येक वर्ष कार्तिक शुक्ल चतुदर्शी




पूर्णिमाको दिन पर्साका पाँच र बाराका दुई स्थान गरी सातवटा वनदेवी स्थलमा धार्मिक मेला लाग्दै आएकामा यस वर्ष पनि ती स्थलहरूमा मेलाको तयारी भइरहेको छ ।

पर्सागढी नगरपालिका अन्तर्गत आमोदेवीमाई र कोइलाभारमाई, ठोरी गापाको बाघमोर्चामाई, जीराभवानी गापाको सुगीभारमाई र पटेर्वासुगौली गापाको गादीमाई गरी पर्सा जिल्लाका पाँच स्थान र बारा जिल्लाका करैयामाई र चोइलाभारमाईमा कार्तिक पूर्णिमा मेलाको तयारी शुरू छ ।

वनदेवीमाता सात दिदीबहिनी रहेका र सातैजनाको स्थलमा परापूर्वकालदेखि कार्तिक पूर्णिमाको अवसरमा मेला लाग्दै आएकामा यस वर्ष पनि कार्तिक पूर्णिमा मेला कात्तिक २९ बिहीवार र ३० गते शुक्रवार लाग्ने तय भएको छ ।

शुक्रवार पूर्णिमाको दिन बिहान पर्सागढी नपा-४ का बकनेर्वा गाउँका मुसहर समुदायले पूजाआजा गरी बलि दिने र त्यसपछि अन्य सर्वसाधारणहरूले बलि दिने र पूजा गर्ने प्रचलन रहेको आमोदेवीमाईका गुरु जुगेश्वर गुरोले बताए । कोइलाभारमाई मेलाको पनि अन्तिम तयारी सम्पन्न भएको मेला समितिका अध्यक्ष एवं पर्सागढीका वडाध्यक्ष राजकपूर खवासले बताए । उनले बिहीवार बेलुकादेखि मेला लाग्ने



र शुक्रवार पूर्णिमाको दिन बिहान माईस्थानमा सखुवाप्रसौनी गापा-१ औराहाका प्रयाग महतोको घरमा पशु बलि दिएर पूजा सम्पन्न भएपछि सर्वसाधारणले बलि दिने तथा पूजा गर्ने बताए ।

मेलामा शान्ति सुरक्षाको लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्वयंसेवकहरू परिचालन गरिएका छन् । सातवटै देवीको मेलामा नेपाल र भारतबाट लाखौंको सङ्ख्यामा भक्तजनहरू सहभागी हुनेछन् ।

## यात्रीसँग बढी भाडा लिने पाँचजना पक्राउ

प्रस, वीरगंज, २७ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले सोमवार र मङ्गलवार दुई दिनमा यात्रीहरूसँग बढी भाडा लिने पाँचजनालाई पक्राउ गरेको छ ।

दीपावली र छठपछि वीरगंजबाट काठमाडौं यात्रा गर्ने यात्रीहरूसँग तोकिएको भाडादरभन्दा बढी लिने गरेको गुनासोसँगै प्रहरीले सोमवार तीनजनालाई वीरगंज बसपार्कबाट पक्राउ गरेको थियो भने आज मङ्गलवार दुईजनालाई पक्राउ गरेको छ ।

वीरगंजबाट काठमाडौंको लागि टाटासुमोको भाडा रु ८५०, इभी (विद्युतीय सवारीसाधन) रु ८५० र रात्रिबसको एक हजार दररेट रहेकामा सोभन्दा बढी १५००-१८०० सम्म भाडा लिएर यात्रीहरूलाई ठगेको गुनासो आएपछि प्रहरीले सोविरुद्ध अभियान चलाएको थियो । अहिले वीरगंजबाट काठमाडौं जाने यात्रीहरूको चाप निकै बढेको छ । आगामी आइतवारसम्म वीरगंजबाट काठमाडौं जाने सम्पूर्ण रात्रिबस पूर्णरूपमा बूकिङ छन् भने टाटासुमो र इभी पनि अन्य दिनको तुलना बढी


तस्वीर सौजन्यः जिप्रका, पर्सा

सङ्ख्यामा सञ्चालनमा छन् । काठमाडौंबाट वीरगंज आउने यात्री घटेको र यहाँबाट काठमाडौं जाने यात्रीको सङ्ख्या बढेका कारण भाडादरमा ठगीधन्दा मौलाएको हो ।

व्यवसायीहरूले भने चाडपर्वमा एकतर्फी यात्री मात्र पाउने गर्दा दशैंमा वीरगंजबाट काठमाडौं जाने यात्री घट्ने र काठमाडौंबाट वीरगंज आउने यात्री बढ्ने, त्यसैगरी दीपावली र छठमा पनि सोही क्रम दोहोरिने र त्यसपछि वीरगंजबाट काठमाडौं जाने यात्रीहरूको सङ्ख्या बढ्ने हुँदा दोब्बरी भाडा लिनुपर्ने बाध्यता रहेको सफाइ दिएका छन् ।

## मधेसबाट वार्षिक डेढ लाख युवा विदेशिंदै -सांसद मैनाली

प्रस, निजगढ, २७ कात्तिक/

मधेस प्रदेशका आठ जिल्ला पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरीबाट बर्सेनि डेढ लाखभन्दा बढी युवाहरू विदेशिने गरेका छन् ।

मङ्गलवार बाराको कोल्हवीमा रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरूलाई दुई दिने क्षमता अभिवृद्धि कार्यक्रम तथा गोष्ठीको उद्घाटन गर्दै सांसद अच्युत मैनालीले मधेस प्रदेशबाट मात्रै बर्सेनि डेढ लाख युवा विदेशिने गरेको बताए ।

युवाहरू विदेशिने क्रम राज्यले रोक्न नसके गाउँबस्तीमा युवाहरूको अभाव हुने बताउँदै उनले स्वदेशमा नै रोजगारको अवस्था सिर्जना गर्नुपर्ने बताए । पालिकाहरूबाट बर्सेनि कति सङ्ख्यामा युवाहरू विदेशिएका छन् सोको यकीन तथ्याङ्क नरहेको बताउँदै बाहिरिने युवाहरूलाई स्वदेशमा तालीम दिई बताए । बाध्यतावश विदेशिने क्रम बढेको र सरकार विप्रेषणमा मक्ख परेको भन्दै उनले यसतर्फ समयमा विचार पुऱ्याउनुपर्ने




स्वरोजगारको वातावरण बनाउनुपर्ने

(बाँकी अन्तिम पातामा)

## छवटा सरकारी कार्यालयमा अनुगमन

प्रस, वीरगंज, २७ कात्तिक/

जिल्ला प्रशासन कार्यालय, पर्साले हिजो सोमवार छवटा सरकारी कार्यालयको अनुगमन गर्दा थुप्रै कर्मचारी अनुपस्थित देखिएका थिए । दशैं, दीपावली, छठ पर्व सकिए पनि सरकारी कार्यालयहरूमा कर्मचारीहरू अनुपस्थित हुँदा सेवाग्राहीले दुःख पाएको गुनासा आएपछि हिजो भूमिसुधार तथा मालपोत कार्यालय, सघन शहरी तथा भवन निर्माण आयोजना, यातायात व्यवस्था कार्यालय, नेपाल विद्युत् प्राधिकरण वीरगंज वितरण केन्द्र, स्वास्थ्य कार्यालय र डिभिजन वन कार्यालय पर्सामा अनुगमन गरिएको थियो ।

(बाँकी अन्तिम पातामा)

**विचारसार र सूक्तिहरू**

**रत्नलाई चम्काउन घोट्नै पर्छ, त्यसैगरी दुःख–कष्ट नसहेको मानिस पूर्ण बन्न सक्दैन ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# राष्ट्रिय परीक्षा बोर्ड

**नेपालको राष्ट्रिय परीक्षा बोर्ड शिक्षामा उत्कृष्टता र पारदर्शिताको प्रतीक हुनुपर्ने संस्था हो । आफ्नै लापरवाहीले यो संस्थामाथि प्रश्नचिह्न खडा भएको छ। हरेक वर्ष माध्यमिक शिक्षा परीक्षा (एसइई) तथा कक्षा ११ र १२ का नतीजाहरूमा अनियमितता र त्रुटि फेला पर्ने गरेका छन्। पुनर्योगमा जाँदा अधिकांश विद्यार्थीका अङ्कमा महत्त्वपूर्ण अन्तर देखिने गरेको पाइन्छ । हालैको एक घटना हो, खोटाङ जिल्लाको कोपिलागढीका एक छात्रको उत्तरपुस्तिका केरमेट गरेर अनुत्तीर्ण गराइएको, यो बोर्डको लापरवाहीको जीवित प्रमाण हो। यस प्रकारको लापरवाहीले बोर्डले आफ्नो मात्र गरिमा गुमाएको छैन, यसले सयौं विद्यार्थीको भविष्यमा गम्भीर असर पुर्‍याइरहेको छ । विद्यार्थी जीवनका यी महत्त्वपूर्ण परीक्षाहरूको आधारमा उनीहरूको भविष्यको योजना निर्धारण हुन्छ। यस्तो अवस्थामा परीक्षा बोर्ड जस्तो जिम्मेवार संस्था चुक्नु विद्यार्थीहरूमाथिको अन्याय हो । यस किसिमको लापरवाहीले सामाजिकस्तरमा बोर्डप्रतिको विश्वास घटाउँछ भने शैक्षिक व्यवस्थामाथि नै प्रश्नचिह्न खडा गर्छ। विद्यालय र विश्वविद्यालय शिक्षाको स्तम्भमा बसेर भविष्य निर्माण गरिरहेका लाखौं विद्यार्थीको करियरलाई असुरक्षित बनाउने यो प्रवृत्ति तुरुन्तै सम्बोधन गर्नुपर्ने अपरिहार्यता देखिएको छ।**

**बोर्डको कमीकमजोरी तथा लापरवाही हुनुमा मुख्यतः दक्ष जनशक्तिको कमी, सही प्रशिक्षणको अभाव, उत्तरपुस्तिका परीक्षण प्रक्रियामा आधुनिक प्रविधिको उपयोगमा कमीलगायत हुन् । त्यसैगरी, बोर्डका कर्मचारीहरूमा जिम्मेवारी बोध नहुनु, समयमैं उत्तरपुस्तिका परीक्षण गर्ने प्रबन्ध नहुनु तथा उत्तरपुस्तिका जाँच प्रक्रियामा स्पष्टता नहुनु प्रमुख समस्या हुन् । नेपाल सरकारको शिक्षा मन्त्रालयले पनि बोर्डको अनुगमन र पुनरावलोकनमा ध्यान नदिएको कुरा बोर्डको लापरवाहीले पुष्टि गरेको छ । एकातिर उत्तरपुस्तिका परीक्षणमा खटेका कर्मचारीको उचित निरीक्षण एवं निगरानी तथा दण्डको व्यवस्था नहुँदा उनीहरूले चुक्ने छुट पाएका छन्। अर्कोतिर विद्यार्थीहरूको आवेदनको गम्भीरतालाई पनि हल्कारूपमा लिइएको प्रतीत हुन्छ। यसका साथै आधुनिक प्रविधि र डेटा प्रविधिको न्यूनतम प्रयोगसमेत हुन नसकेको कुरा प्रणाली अद्यावधिक गर्ने प्रक्रियाको सुस्तताबाट छर्लङ्ग हुन्छ ।**

**परीक्षा बोर्डलाई जिम्मेवार, पारदर्शी र विश्वसनीय बनाउन सख्त सुधारको खाँचो देखिन्छ । पहिलो, उत्तरपुस्तिका परीक्षणमा विज्ञ र जिम्मेवार निरीक्षकहरूको मात्रै संलग्नता रहने र उनीहरूलाई अनिवार्यरूपमा नियमित प्रशिक्षण हुनुपर्छ। उचित तालीमप्राप्त व्यक्तिहरू मात्र परीक्षामा सहभागी हुन पाउने व्यवस्था गरिनुपर्छ । दोस्रो, उत्तरपुस्तिका परीक्षण प्रक्रियामा त्रुटि कम गर्न आधुनिक प्रविधि अपनाउन आवश्यक छ । उत्तरपुस्तिका स्क्यान गरी डिजिटलरूपमा सुरक्षित राख्ने प्रविधि तथा अङ्क गणना प्रणालीलाई अटोमेटेड बनाउनाले त्रुटिको सम्भावना न्यूनीकरण गर्न सकिन्छ । साथै, विद्यार्थीहरूलाई पुनर्योगको प्रक्रिया सहज गरिदिनु पर्छ । उनीहरूले निश्चित शुल्क तिरेपछि अनलाइनमार्फत नै पुनर्योगको आवेदन दिन पाउनुपर्छ। उत्तरपुस्तिका डिजिटल पोर्टलमार्फत सुलभ गराउने र पुनर्योग परिणामका लागि समय अनिश्चित नगरी सुनिश्चित गराउनुपर्छ । सङ्घीय सरकारले परीक्षा बोर्ड र यसको कामलाई विशेष प्राथमिकतामा राखी अनुसन्धान, अनुगमन, निरीक्षण, सिंहावलोकन र सुधारको पहल गर्न जरुरी छ।**

# प्रतिशोधको राजनीतिमा रवि बने कोपभाजन

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**जसले जेसुकै भनोस्, रवि जनताको आशा र भरोसा हो, जनताले प्रचुर बहुमत दिएर जिताएको हिम्मतिलो छोरो हो, अझै पनि जनताको झिनो आशा छ कि न्यायालयले अन्याय गर्ने छैन, नत्र भोलि को कहाँ पुग्ने हो त्यो कसैले भन्न सक्दैन ।**

काङ्ग्रेसका विश्लेषक पुरञ्जन आचार्य भन्छन्–"दुई ठूला दलले अब कुनै कारणविना, कसैलाई पनि हिरासतमा राख्न सक्छन् । भ्रष्टाचारको आवाजले अब दुवै दललाई सिध्याउने भो भनी उनीहरूबीच साठगाठ भयो र संसदीय समितिको नजीरले भोली यी दुई दललाई खानेछ र यो नितान्त प्रतिशोधको राजनीति हो ।" राज्य पक्ष लाग्यो भने कुनै पनि बेला, कसैलाई पनि जेलमा सडाउन सक्छ। देशमा यस्तो घिनलाग्दो राजनीति शुरू भएको छ। मुद्दा लगाएर दरिलो प्रतिपक्षलाई सिध्याउन सकिन्छ भनी जुन सत्ता र शक्तिको उन्मादमा यो काम भइरहेको छ, यो भोलि उनीहरूकै लागि घातक हुनेछ भन्नेमा दुई मत छैन।

रविको आगमनले विशेषगरी काङ्ग्रेस पङ्क्तिमा ठूलो भुइँचालो आएको छ । दुई महीनासम्म गगन थापा एन्ड कम्पनीले संसद अवरुद्ध गरी संसदीय समिति गठन गर्ने साह्रै अप्रजातान्त्रिक प्रक्रिया ल्यायो, यसले भोलि अख्तियार, सिआबी, प्रहरी प्रशासन सबैलाई पङ्गु बनाउने छ । रवि लामिछानेको खेदो खन्नुको तात्पर्य यस दललाई गलाएर आफ्नो वर्चस्व कायम गर्न सकिन्छ भन्ने मात्र हो ।

यो देशलाई यिनीहरूले कसरी खोक्रो परेका रहेछन् भन्ने कुरा अधिकांश जनताले त्यतिखेर थाहा पाउन थाल्यो जब रास्वपा संसदमा छिर्‍यो । जसरी यिनीहरूले दुर्गा प्रसाईंलाई अस्पतालको अनुमतिको लागि ७ वर्षसम्म दुःख दिए, त्यसैगरी रवि र बालेनलाई दुःख दिन खोजिरहेका छन्। काण्डैकाण्डले विभूषित यी दलहरूले ३७ वर्षदेखि माखो मार्न सकेका छैनन् । जनताभन्दा ठूलो शक्तिशाली कुनै तन्त्र हुन सक्दैन। अहिले देश पूरै रवि लामाछानेमय भएको छ।

डाक्टर सुन्दरमणि दीक्षित, बाबूराम भट्टराई, सुरेन्द्र केसी, प्राध्यापक कृष्ण पराजुली, राम लोहनी आदि विद्वान्हरूको एउटै भनाइ छ– "रविविरुद्ध जे भइरहेको छ, त्यो रविलाई सिध्याउने मेलो हो जुन उनीहरूकै लागि घातक हुनेवाला छ । काङ्ग्रेस र एमालेको नियोजित ग्रान्ड डिजाइन अन्तर्गत अहिले रविलाई फसाइएको कुरा एमाले र कांग्रेसकै समर्थकहरूले भन्न थालेका छन् । न्यायालयबाट जनताको विश्वास मरिसकेको कुरा पूर्व मुख्यन्यायाधीश सुशीला कार्कीले धेरै सार्वजानिक कार्यक्रममा भनिसकेकी छन्। राजनीतिक दलको आडमा न्यायाधीशहरू नियुक्त हुन्छन् भने उनीहरूबाट निष्पक्ष न्यायको आशा गर्नै सकिंदैन ।

रवि लामिछाने देशका होनहार युवा हुन् र उनमा राजनीतिक चेतना पनि उच्चस्तरको छ । उनी संसारभर वाक्कलाका लागि प्रख्यात र गिनिज बूकमा नाम लेखाउन सफल युवा हुन् । यद्यपि उनको स्वभाव पहिलेदेखि नै चर्चामा आउन जेजस्ता परिस्थितिको सामना गर्न तयार हुने खालको छ । उनले टेलिभिजनमा लामो समय काम गरे र प्रत्यक्षरूपमा जनतासँग सरोकार राख्ने विषयवस्तु कोट्याउँदै राम्रा वा नराम्रा जेजस्ता गतिविधि गरेर पनि अधिकांश जनताको नजरमा राम्रो काम गर्ने छाप पारेका व्यक्ति हुन् । यही कारणले उनको जनमत बलियो भयो र सामाजिक सञ्जालमा समेत उनको चर्चा भाइरल भयो। फलस्वरूप रविलाई पनि सबै काम छाडेर राजनीतिमा आएमा भलो हुने सोच आयो र उनी राजनीतिमा हाम फाले। दलहरूप्रति वितृष्णाले ग्रस्त हाम्रो समाजमा, त्यसैले उनले पार्टी खोल्ने निर्णय गरे र जनताको विश्वास आर्जन गर्न सफल भए।

चुनावमा रविले नसोचेको परिणाम आयो। कल्पना पनि नगरेको सफलता हात पार्दै उनको पार्टी संसद्मा छिर्‍यो, त्यो पनि चौथो ठूलो शक्ति बनेर। सरकार गठनको क्रममा पनि उनले चासो राखे र छिटै बार्गेनिङ पावर उपयोग गर्दै गृहमन्त्री बन्ने प्रस्ताव राखे। गृह मन्त्रालय प्रधानमन्त्रीपछि दोस्रो रोजाइको मन्त्रालय हो र उनले गृहमा आफ्नो दाबी छाडेनन्। रवि एकाएक यसरी चम्किए कि उनका फलोअर्स प्रशंसक बने । रवि यसरी चम्किएको विपक्षी दललाई मन पर्ने कुरै भएन र उनका विगतका कामकारबाई कोट्याउन थालियो। अब बिस्तारै रविका विगतका कर्तुतहरू देखिन थाले। जसरी उनी उदाएका थिए उनको विगत चाहिं त्यति स्वच्छ र सुखद देखिएन। उनको नागरिकता, पासपोर्ट र सहकारीसम्बन्धी काण्ड यति बलियो भएर प्रमाणसहित आयो कि यसले उनलाई क्रमशः गलाउँदै लैजान थाल्यो । यसलाई ढाकछोप गर्न प्रखर वाक्कला भएका रविलाई पनि धौंधौ पर्‍यो र नागरिकताको केसमा चिप्लिए। यही काण्डले उनको सांसद पद गयो र पुनः चुनाव लडेर जितेर संसद्मा छिर्ने घटना दोहोरियो। तत्पश्चात् उनी पुनः गृहमन्त्री र उपप्रधानमन्त्री बनेर काम गर्न थाले भने उनको शक्ति यति बढ्यो कि सरकार बनाउने र गिराउने खेलमा उनलाई प्रधानमन्त्रीको समेत अफर आयो।

सरकार, संसद्, छानबीनका निकाय र सुरक्षा निकायको शङ्कामा रहिरहेका उनी यति बेला अर्को फन्दामा परेका छन् । सहकारी रकम ठगीमा उजूरी परेपछि र उनीमाथि छानबीन हुनुपर्ने तत्कालीन प्रतिपक्ष नेपाली काङ्ग्रेसको अडानपछि संसदीय छानबीन समिति नै बन्यो तर समितिले रविलाई दोषी देखाउन सकेन। तथापि ठूला दलहरूको साठगाँठ बन्यो र नयाँ परिस्थिति विद्यमान भयो। अन्ततः उनी पक्राउ परे । तर उनको पार्टी, विपक्षी दल तथा शुभेच्छुकहरू रविको पक्राउलाई राम्रो मानिरहेका छैनन् र उनको पक्षमा बोलिरहेका छन् । रास्वपाले त आधिकारिक निर्देशन नै जारी गरेर सम्पूर्ण शक्ति पहिले पोखरा र अहिले काठमाडौंमा केन्द्रित गरेको छ। २२ दिनको म्याद थपपछि फेरि १३ दिनको म्याद थपी उनलाई गलाउने कोशिश हुँदैछ तर उनी झन् शक्तिशाली हुँदै गइरहेका छन् । जसरी अरविन्द केजरिवाललाई मोदी मिडियाको कोपभजनमा पारी जेल हालियो, ठीक त्यसैगरी रविलाई दुःख दिइरहेका छन्। सरकार जब तानाशाही हुँदै जान्छ, उसले गर्ने नै यस्तै हो।

पोखरामा दिनहुँ आन्दोलन, धर्ना, कोणसभा र दबाबमूलक विभिन्न कार्यक्रमहरू गरेर निर्दोष रविलाई छाड्नुपर्ने र ओली सरकार ढल्नुपर्ने जिद्दी कसिरहँदा त्यसको निरन्तरता अहिले काठमाडौंले समेत देखेको छ। रवि निर्दोष हुन् तर उनलाई फसाउन सरकार, सत्तापक्षीय दलहरू, अदालत, सुरक्षा निकाय सबै कसिएर लागेका छन् भनेर उनका समर्थकहरू नित्य भाषण गरिरहेका छन् । तर, सबैले यस्ता गतिविधिलाई राम्रो मानेका छैनन्। कुनै पनि व्यक्ति यदि दोषी हो भने उसले सजाय पाउनुपर्छ र दोषी भए/नभएको अन्तिम फैसला न्यायालयले गर्छ, यो केस पनि अदालती केस भएकोले अब अदालतको फैसला कुर्नुबाहेक अन्य कुनै उपाय नभएकाले अनावश्यकको रोइलो गर्नु बेकार छ। सहकारी ठगीमा रवि प्रत्यक्ष होलान् वा नहोलान्, जुन सुरक्षा निकायको अनुसन्धानपछि पत्ता लाग्ने र अन्तिम टुङ्गो अदालतले लगाउने नै छ। तर यसरी प्रक्रियागत तरीकाले केस अघि बढ्नुपर्ने नियममा भाँजो हाल्न, अदालतका र स्वतन्त्र छानबीनका प्रक्रियामा अवरोध पुर्‍याउन, प्रभाव पार्न र सर्वसाधारणलाई अन्योलमा राख्न रास्वपाले गरेको प्रदर्शन ठीक होइन भन्ने मठाधीशहरूको पनि यहाँ कमी छैन। विभिन्न दलका ठूलाबडा नेताहरूलाई पनि यस्ता आरोप लाग्ने गर्छ र त्यस्ता आरोपमाथि छानबीन हुँदा दोषी भएमा नियमानुसार सजाय पाउने गरेको र दोषी नभए सफाइ पाउने गरेका उदाहरण प्रशस्तै छन् । रविका समर्थकहरूले भ्रष्टाचारका विषय लुकाउन, आफूहरू फस्न लागेको अवस्था छल्न, उदाउँदै गरेको युवाशक्तिलाई शक्तिहीन बनाई आफैं रजगज गर्न र प्रतिशोध साध्न मात्र रविलाई आरोप लगाइएको हो, तर रवि निर्दोष छन् भन्ने दाबी गर्छन्। यो प्रपञ्च देशका दुई ठूला दलहरू र अदालतसमेत मिलेर गरिएको हो भनेर आरोप लगाइरहेका छन्। के वास्तवमा यो आरोप सही हो त ? रविको केसमा के रवि निर्दोष हुन् ? के रविलाई फसाएर उनी र उनको उदाउँदै गरेको वैकल्पिक शक्ति बनेको दललाई नामेट बनाउन चालिएको चाल हो त ? के यसमा अदालत र सबै निकाय रविविरुद्ध जाइलाग्न र उनलाई फसाउन मिलेका छन् त ?

सरकार ढल्नुमा रविले धमाधम भ्रष्टाचारका फाइलहरू खोल्दै व्यक्ति पक्राउ गर्ने अभियान चलाउनु, ठूला–ठूला काण्डमा ठूला–ठूला नेताकै नाम आउन थाल्नु, ठूला नेताहरू नै पक्राउ पर्ने सम्भावना बढ्नु र अर्कातिर संसद्मैं रविलाई सहकारी ठगको आरोप लगाई नाङ्गेझार पार्नु, प्रमुख प्रतिपक्षी दलले संसदीय छानबीन समितिको माग राखेर महीनौं संसद् अवरुद्ध पार्नु, रविलाई जेल नहाली नछाड्ने अभिव्यक्ति दिनु दुवै शङ्काको घेराभित्र रहेको मान्न सकिन्छ। यसै क्रममा सहकारी रकम अपचलनमा रविको नाममा किटानी जाहेरी पर्नु, उनीहरूले आरोप लगाएका दुई ठूला दलहरू साठगाँठ गरी सरकार गठन गर्नु, संसदीय समिति बन्नु, समितिले छानबीन गरी रविलाई दोषी ठहर गर्नु, प्रतिवेदन प्राप्त हुना साथ कार्यान्वयन गर्ने हतारो गर्नु, लगत्तै रविलाई पक्राउ आदेश जारी गरी पक्राउ गर्नु मुख्य उदाहरण हुन्।

तथापि रवि पक्षाबाट पनि अदालतबाट फैसलाको प्रतीक्षा गर्नुपर्नेमा सरकारविरुद्ध विषवमन गर्दै सम्पूर्ण शक्ति प्रदर्शन गर्नुजस्ता गतिविधि सुपाच्य होइन। यस्ता गतिविधिले गर्दा दुवै पक्षलाई शङ्काको घेरामा राख्न सकिन्छ। आखिर यो केसमा दोषी को होला, रवि वा सरकार पक्ष ? यदि रवि दोषी होइनन् भने अहिलेको प्रक्रियाले त उनलाई जीवनभरका लागि उनका पक्षमा अदालतले सकारात्मक फैसला गर्छ र उनले सधैंका लागि सफाइ पाउँछन् । यदि रवि दोषी नै रहेछन् भने उनले गरेको कर्तुतको सजाय पाउनेछन् र साथसाथै उनी सधैंका लागि राजनीतिबाट बहिष्कृत हुनेछन्। यसरी यो अन्योलपूर्ण तनावको अवस्था अहिले रास्वपाले नगरेको भए राम्रो हुने थियो । यो त अहिले रास्वपालाई प्राप्त भएको अवसर हो, जहाँ रवि सबै आरोपबाट मुक्त हुन सक्थे। रास्वपाले त यतिबेला सरकार, सुरक्षा निकाय र अदालतलाई सहयोग गर्ने समय हो। रास्वपालाई, रविले कुनै गल्ती नगरेको पूर्ण विश्वास छ भने जतिसुकै छानबीन गरे पनि सत्य त सत्य नै रहन्छ । उनलाई फसाउनै लागिएकोरहेछ भने पनि एकदिन छर्लङ्ग हुने नै छ। र नबिराउनु नडराउनु भन्ने उखान चरितार्थ हुने थियो ।

अन्त्यमा,

जसले जेसुकै भनोस्, रवि जनताको आशा र भरोसा हो, जनताले प्रचुर बहुमत दिएर जिताएको हिम्मतिलो छोरो हो, अझै पनि जनताको झिनो आशा छ कि न्यायालयले अन्याय गर्नेछैन, नत्र भोलि को कहाँ पुग्ने हो, त्यो कसैले भन्न सक्दैन।

# यी हुन् कोपमा नेपालका अपेक्षा

बाकु (अजरबैजान), २७ कात्तिक/

जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसिसिसी)का पक्ष राष्ट्रहरूको सम्मेलन कोप–२९ यही सोमवारदेखि अजरबैजानको बाकुमा शुरू भएको छ। आगामी मङ्सिर ७ गतेसम्म चल्ने उक्त कोप सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति रामचन्द्र पौडेल सोमवार बाकु पुगिसकेका छन्।

कोप–२९ मा पर्वतीय मुद्दाका विषयमा प्राथमिकताका साथ छलफल हुने, जलवायु वित्त बढाउन विकासशील मुलुकहरू सहमतिमा आउने, पेरिस सम्झौता कार्यान्वयनका लागि सकारात्मक प्रतिक्रिया प्राप्त हुने, कार्बन व्यापारका लागि विश्वबजार सुनिश्चित हुने, अनुकूलन तथा जलवायु न्यूनीकरण र जलवायुजन्य हानि–नोक्सानीका लागि आवश्यकता पर्ने वित्तीय व्यवस्थापन हुने अपेक्षा गरिएको छ।



तस्वीरः रासस

विगतका सम्मेलनमा जस्तै कोप–२९ मा पनि नेपालले जलवायुका कारण पर्वतीय क्षेत्रमा परेका समस्या न्यूनीकरणका लागि पहल गर्ने र पर्वतीय क्षेत्रका सुरक्षाका लागि आवाज उठाउने तयारी गरिरहेको छ। सम्मेलनमा भाग लिने क्रममा अजरबैजानको बाकुमा रहेका राष्ट्रपति पौडेलले यस वर्षको कोपमा हिमाल र पृथ्वीको सुरक्षाका लागि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# उम्मेदवारको योग्यतासम्बन्धी प्रावधान पालना गर्न आयोगको निर्देशन




काठमाडौं, २७ कात्तिक/रासस

निर्वाचन आयोगले आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ। आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानूनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोयन दर्ता गर्न निर्देशन दिएको हो।

यस अघि सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हालिरहेको स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहनेगरी मनोनयनपत्र पेश गर्नसमेत निर्देशन दिएको आयोगले जनाएको छ।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदानप्राप्त संस्थामा पारिश्रमिक पाउनेगरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ।

यसैगरी, कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदानप्राप्त संस्थामा पारिश्रमिक पाउनेगरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिए।

भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपोसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा २० वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुनेछैन।

सङ्गठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा २० वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ।

कानूनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ। जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानून बमोजिम निलम्बनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ।

आगामी मङ्सिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ। जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ।

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ। मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजूरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजूरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छ भने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ। मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने निर्वाचन तालिका छ।



**थारू नाच प्रस्तुत गर्दै कलाकारः** नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट-२ स्थित नारायणी नदी किनारमा सञ्चालन भइरहेको दोस्रो गण्डकी प्रदेश महोत्सव-२०८१ मा लट्ठी नाच प्रस्तुत गर्दै स्थानीय थारू समुदायका महिला। तस्बिरः टेकराज पोखरेल/रासस

# नेप्से परिसूचक ओरालो लाग्दा सात अर्ब ८५ करोडको कारोबार

काठमाडौं, २७ कात्तिक/रासस

अघिल्ला दिनका तुलनामा धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक मङ्गलवार भने ओरालो लागेको छ। लगातार उकालो लागेको नेप्से परिसूचक आज भने ११ दशमलव २४ अङ्कले ओरालो लागेर दुई हजार ७४८ दशमलव ९६ मा सीमित भएको छ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ९३ अङ्कले ओरालो लागेर ४८८ दशमलव ७८ मा सीमित भएको छ। कारोबार भएका १३ उपसमूहमध्ये आज तीन उपसमूहको शेयर मूल्य उकालो लाग्दा १० उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ। कुल एक करोड ६७ लाख ८६ हजार ९३४ कित्ता शेयर रु सात अर्ब ८५ करोड ९७ लाख ४० हजार ७९८ मूल्यमा खरीद-बिक्री भएको छ।

नेप्सेका अनुसार गुराँस लघुवित्त, मेछ्याङ हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। वेस्ट फाइनान्स नौ दशमलव ९९, एनएलजी इन्स्योरेन्स कम्पनी नौ दशमलव ९९ र समृद्धि फाइनान्सका लगानीकर्ताले नौ दशमलव ६१ प्रतिशतले कमाएका छन्। गुडविल फाइनान्स नौ दशमलव ३६, आँखु खोला जलविद्युत् कम्पनी चार दशमलव ९१, माछापुच्छ्रे बैंक चार दशमलव ५९, अप्पर हेवाखोला हाइड्रोपावर कम्पनी तीन दशमलव ७१ र हिमालय बैंकको बन्डका लगानीकर्ताले तीन दशमलव ४८ प्रतिशतले गुमाएका छन्।

# सामुदायिक वनभित्र खेती र मल उत्पादन

अञ्जली थापा

हेटौंडा, २७ कात्तिक/रासस

"पशुपालन नगरे पनि मलको कमी छैन," यहाँको मनहरी गाउँपालिका-७ की कृषक विमला राईले भनिन्, "पहिले पशुपालन गर्दा अरू काम गर्नै भ्याउँदिन थिएँ। पशु नपालौं खेती गर्न मल धेरै चाहिने। अहिले त्यो समस्या छैन, ढुक्क छु।"

हाल होटल व्यवसायसँगै खेती गरिरहेकी उनको आर्थिकस्तर पहिलेको तुलनामा सुध्रिएको छ। वनको छेउमैं घर हुँदा तीन वर्ष अघिसम्म हिउँद लागेपछि डढेलोले घर भेट्ला कि भन्ने चिन्ता हुन्थ्यो। छिमेकीको गोठमा आगो लागेपछि निकै रातसम्म अनिदो बसेको उनले बिर्सिएकी छैनन्।

यी समस्याका समाधान खोज्ने क्रममा वन समूहले पत्करबाट मल उत्पादन गर्न थालेपछि डढेलो लाग्न छोडेको उनी बताउँछिन्। उनी वन समूहको आयआर्जन समूहमा पनि आबद्ध छिन्। आयआर्जन कार्यक्रममा 'ग्रीन फाउन्डेशन नेपाल' (जिएफएन) नामक संस्थाले सहयोग गरिरहेको छ।

सुनाचुरी सामुदायिक वनकी उपभोक्ता सरीता ब्लोन पनि वनमा गरिएको कागती, तेजपत्ता, अम्रिसो खेतीले आम्दानी गर्न सहज भएको बताउँछिन्। उनी भन्छिन्, "पहिले वन संरक्षण मात्र गर्ने हो जस्तो लाग्थ्यो तर यहाँ खेती पनि गर्न पाउँदा आम्दानीको स्रोत बनेको छ।" उनले २० वटा बाख्रा पालेकी छन्। बाख्रालाई घाँस लिन टाढा जानुपर्दैन। बाख्राबाट पनि आम्दानी भइरहेको उनको भनाइ छ।

पशुपति सामुदायिक वन उपभोक्ता समूहले हाइटेन्सनमुनि रूख नभएका स्थानमा जडीबुटी र घाँस खेती गरेको छ। जिएफएनको सहयोगमा अदुवा, बेसार र सर्पगन्धाको खेती भइरहेको समूहकी अध्यक्ष चम्पामाया परियारले जानकारी दिइन्। उनले भनिन्, "यहाँ यसरी आम्दानी हुन्छ जस्तो लागेको थिएन, गर्दा नहुने केही रहेनछ।" जडीबुटीसँगै यस वर्ष अदुवाको पनि खेती गरिएको उनले बताइन्।

सामुदायिक वन उपभोक्ता महासङ्घ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंले मनहरी गाउँपालिकाका



तीनवटा सामुदायिक वनमा खेती र मल उत्पादन गरिएको बताए। वनबाट समृद्ध बन्ने र जलवायु परिवर्तनको असर कम गर्ने अभियान अन्तर्गत यहाँका डिपार्ट सामुदायिक वन, पशुपति सामुदायिक वन र सुनाचुरी सामुदायिक वनले वन क्षेत्रभित्र खेती र मल उत्पादन गरिरहेको छ।

वनमा आधारित ३७ वटा उद्यमलाई दिगो बनाउँदै बजारसँग जोडेर हरित उद्यम विकास गर्न सहयोग गरिरहेको जिएफएनका अध्यक्ष घनश्याम पाण्डेले बताए। उनका अनुसार जिएफएनले वनकरिया साबुन उद्योग, पिप्लेपोखरा सामुदायिक वनमा रहेको श्रमजीवी महिला काष्ठ हस्तकला, हेटौंडा-१२ मा कञ्चनजङ्घा गुन्द्रुक उद्योग, न्युरेनी सामुदायिक वनमा रहेको दुना टपरी उद्योग र थाहा नगरपालिकाको अल्लो उद्योगको उत्पादन र बजारीकरणमा सहयोग गरिरहेको छ।

पानीका मुहान सुक्न थालेपछि मनहरी गाउँपालिकाका सामुदायिक वनहरूले पुनर्भरण (रिचार्ज) पोखरी निर्माणलाई प्राथमिकता दिएको छ। डिभिजन वन कार्यालय राप्ती मनहरीले डिभिजन अन्तर्गतका सामुदायिक वनमा मुहान संरक्षण गर्न रिचार्ज पोखरी निर्माण गरिरहेको जनाएको छ।

उपभोक्ताले दैनिक पिउने पानीका स्रोत सुक्दै जानु र वनमा जनावरहरूले पानी खान नपाउँदा समस्या भएकाले रिजार्च पोखरी निर्माणलाई प्राथमिकतामा राखिएको डिभिजन वन कार्यालयका अधिकृत गगन शर्माले बताए। गत आर्थिक वर्षमा सातवटा सामुदायिक वन समूहमा आठवटा रिजार्च पोखरी निर्माण गरिएका छन्।

चुरे तथा सुक्खा क्षेत्रमा रिचार्ज पोखरी निर्माण गरेपश्चात् पानीको मुहान संरक्षण र वन्यजन्तुका लागि पानीको उपलबधतामा सहज भएको छ। वन अधिकृत शर्माले भेलबाढीका कारण पोखरी पुरिंदा थोरै समस्या हुने गरेको बताए। सामुदायिक वनमा जैविक विविधता संरक्षणका लागि वृक्षारोपण र संरक्षण गरिएको छ। लोपोन्मुख विजयसाल, सतिसाल, दार, चिउरी तथा बहुउपयोगी नीम रोपिएका छन्।

# दुर्घटनामा एकजनाको मृत्यु, १२ जना घाइते

प्रस, रौतहट, २७ कात्तिक/

पोखराबाट जनकपुरतर्फ जाँदै गरेको यात्रुवाहक बस मङ्गलवार बिहान चन्द्रनिगाहपुरमा दुर्घटना हुँदा १२ जना घाइते भएका छन्।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत चन्द्रपुर नगरपालिका-२ लचकामा स्यालले बाटो काट्न खोज्दा त्यसलाई बचाउने क्रममा ग.१ख ५८०७ नम्बरको बस दुर्घटना भएको प्रहरीले जनाएको छ।

बसमा यात्रा गरिरहेका २० जना यात्रुमध्ये १२ जना घाइते भएका र सोमध्ये एकजनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक रायले बताए।

बसचालक ३५ वर्षीय पदमबहादुर बस्नेत र सहचालक ३० वर्षीय सुरज पौडेललाई प्रहरी चोकी पौराईले नियन्त्रणमा राखेको उनले बताए।

यसैबीच, आजै चन्द्रपुर नगरपालिका-४ मा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ।

सर्लाहीबाट निजगढतर्फ जाँदै गरेको प्रदेश २-०२-००४ प ७०४९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडकमा लडेर दुर्घटना हुँदा सर्लाही जिल्ला पर्सा गाउँपालिका-६ का २७ वर्षीय साजिद अन्सारीको मृत्यु भएको इलाका प्रहरी कार्यालय चन्द्रपुरले जनाएको छ। दुर्घटनामा घाइते अन्सारीलाई उपचारका लागि चन्द्रपुर अस्पतालमा लैजाने क्रममा बाटोमैं मृत्यु भएको प्रहरीले जनाएको छ।

## पाँचजना फरार अभियुक्त पक्राउ

प्रस, रौतहट, २७ कात्तिक/

विभिन्न मुद्दामा फरार पाँचजनालाई जिल्ला प्रहरी कार्यालय, रौतहटले पक्राउ गरी अदालत र जिल्ला प्रशासन कार्यालयमा हाजिर गराएको छ।

जिप्रका, रौतहटबाट खटिएको टोलीले अदालत र जिल्ला प्रशासन कार्यालयबाट विभिन्न मुद्दामा सजाय भएपछि फरार सूचीमा रहेका जमदार साह, रूपेशराय यादव, रमेश ठाकुर लोहार, सञ्जयराय यादव र विवेक यादवलाई पक्राउ गरी सम्बन्धित निकायमा हाजिर गराएको जिप्रका, रौतहटले जनाएको छ।



**तुलसीको पूजा गर्दैः** हरिबोधिनी एकादशीका अवसरमा मङ्गलवार नारायणी नदीमा स्नानपछि भक्तजनहरूले तुलसीको विशेष पूजा गर्दै। कात्तिक महीनामा भगवान् विष्णुलाई भक्तिपूर्वक सम्झी गरिएको स्नान, दान, जप र होमले फल पाइने एवं पापबाट मुक्ति मिल्ने धार्मिक विश्वास रहेको छ। तस्बिर : टेकराज पोखरेल/रासस

## सुनको मूल्यमा सामान्य गिरावट

काठमाडौं, २७ कात्तिक/रासस

स्थानीय बजारमा सुनको मूल्य रु दुई हजार चार सयले घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार सोमवार प्रतितोला रु एक लाख ६५ हजारमा कारोबार भएको छापावाला सुन मङ्गलवार रु एक लाख ६२ हजार ६०० मा किनबेच भएको छ।

यसैगरी, चाँदीको मूल्यमा पनि गिरावट आएको छ। चाँदीको मूल्य प्रतितोला रु ३० ले घटेको छ। सोमवार प्रतितोला रु एक हजार ९५५ मा कारोबार भएको चाँदी आज रु एक हजार ९२५ मा खरीद-बिक्री भइरहेको छ।

# रूप फेर्ने रूपाताल: लोभ्याउँदै पर्यटक

जमुना वर्षा शर्मा

'रूपै राम्रो रूपातालको माथि भीरचोक गाउँ ...'

पोखराका विम्ब कविले उनेका शब्दमा सुनील थापाको सङ्गीत र रजनी रिदम राईले स्वर भरेको यस गीतले नै रूपातालको सुन्दरतालाई झल्काउँछ । रूपातालको शान्त वातावरण, हरियाली र वरपरको हिमशृखङ्लाको मनोरम दृश्यावलोकनले प्रकृतिसँग घुलमिल हुन मन पराउनेका लागि यो उत्कृष्ट गन्तव्य बन्न थालेको छ । सूर्यको किरणसँगै बिहान, दिउँसो र साँझ फरकफरक रूप देखिने रूपातालको रूपले त्यहाँ पुग्ने जो कोहीलाई मोहित बनाउँछ ।

पोखरा तालैतालको शहर । अधिकांशले पोखरा भन्नेबित्तिकै फेवाताल र माछापुच्छ्रेको तस्बिर सजाउने गर्छन् । पोखरा क्षेत्रमा आठवटा प्रमुख ताल रहेका छन् । फेवाताल, बेगनासताल, रूपाताल, खास्तेताल, न्यूरेनीताल, दीपाङ्ताल, मैदीताल, गुँदेताल । सबैका आआफ्नै विशेषता छन् । यीमध्ये पनि रूपाको विशेषता अझ बेग्लै छ । "रूपातालको सौन्दर्य साँच्चिकै अनुपम छ," होटल एन्ड रेस्टुरेन्ट एशोसिएशन लेखनाथका अध्यक्ष वीरभद्र कँडेल भन्छन्, "छिनछिनमा तालले आफ्नो रूप फेर्छ, जसले यो ताललाई 'रूपा' नामसँग सुहाउँदो बनाएको छ । बिहान, दिउँसो र साँझ सूर्यको प्रकाशसँगै तालको रूप नै परिवर्तन हुन्छ ।"

हरियाली पहाड, जङ्गल र जैविक विविधताले घेरिएको यो ताल आन्तरिक तथा बाह्य पर्यटकहरूको मन जित्न सफल भएपनि यसको सौन्दर्य रहस्यलाई अझ प्रचारप्रसारको खाँचो रहेको उनको भनाइ छ । "यहाँ डुङ्गा शयर, चराचुरुङ्गी अवलोकन र आसपासका गाउँहरूमा रमाइलो गर्ने अवसर पाउँदा पर्यटकले यो स्थानलाई विशेष महत्त्व दिन थालेका छन् । योग र ध्यानका लागि पनि यो शान्त ठाउँ उपयुक्त मानिन्छ," कँडेलले भने ।

उनका अनुसार रूपाताल आसपासमा ३५ वटा पर्यटकीयस्तरका होटल तथा रेस्टुरेन्ट छन् । पहिला पहिला सुन्दरीडाँडाबाट रूपाताल हेर्न आउने मात्रै पर्यटक हुन्थे, अहिले रूपाताललाई नै प्रमुख गन्तव्य बनाएर आउने पर्यटक बढ्न थालेका छन् । रूपाको सुन्दरताको अवलोकन, डुङ्गा शयरसँगै तालको ताजा माछा र स्थानीय रहनसहन संस्कृतिसँग परिचित हुँदै स्थानीय परिकारको स्वाद लिन पर्यटक आउने गर्छन् । यो सँगै साइबेरियालगायतका अन्य ठाउँबाट आउने पाहुना चरासँगै करीब ३५० प्रजातिका चरा पनि यस आसपासमा रहेका छन् । यस क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको खुला चिडियाखाना निर्माणको योजना पनि अघि बढाइएकाले नयाँ पर्यटकीय गन्तव्यका रूपमा यसको महत्त्व बढ्दै गएको उनको भनाइ छ ।

नेपाल घुम्न आएका फ्रान्सेली नागरिक लुई र जुलीले रूपाताल अद्भुत लागेको बताए । "रूपाताल साँच्चै अद्भुत छ, तालको शान्त पानी र चारैतिर हरिया पहाडहरूले घेरिएको वातावरणले हाम्रो मनलाई शान्त बनायो । हामीले डुङ्गामा यात्रा गर्‍यौं, चराचुरुङ्गी देख्न पायौं, र प्राकृतिक सौन्दर्यको मजा लियौं ।" उनीहरूले स्थानीय बासिन्दाहरूको मैत्रीपूर्ण व्यवहारले पनि बेग्लै खुशी थपिदिएको बताए । उनीहरूले भीडभाडबाट टाढा एकान्त र शान्त रूपातालमा नेपाल आउने सबैलाई यो स्थान घुम्न सिफारिश गर्ने बताए ।


तस्वीरः रासस

रूपाताल छेउमा बसेर दृश्यावलोकन गरिरहेका भारतको राजस्थानबाट साथीभाइ र परिवारका सदस्यका साथ पोखरा घुम्न आएका जयकुमार वर्माले पनि रूपाताल सुन्दर लागेको बताए । "नेपालको प्राकृतिक सुन्दरताको बारेमा सुनेको थिएँ, आज रूपाताल आएर त्यो अनुभव गर्न पाइयो । तालैतालको शहर, हरियालीको सुन्दरताले फेरिफेरि आउन प्रेरित गर्‍यो," पहिलोपटक पोखरा घुम्न आएका वर्माले फेवाताल र बेगनास ताल अनि सराङकोट पुग्दा पाएको अनुभव बताए ।

ताल क्षेत्र पर्यटकीय दृष्टिकोणले आकर्षक मात्र नभई स्थानीय समुदायको आर्थिक विकासमा पनि योगदान पुर्‍याउँदै आएको बताउँछन्, रूपाताल पुनर्स्थापना तथा मत्स्यपालन सहकारी संस्थाका अध्यक्ष शिवराज अधिकारी । "रूपातालको प्राकृतिक सुन्दरता र जैविक विविधता नै ठूलो सम्पत्ति हो," अधिकारीले भने, "रूपातालको माछापालनले यहाँको समुदायको लागि आर्थिक उपार्जनको आधार बनेको छ । सहकारीमार्फत सामूहिकरूपमा आयआर्जनका नयाँ उपायहरूमा हामी जुटेका छौं ।" सहकारीमा एक हजार ३८ जना शेयर सदस्य रहेका छन् । उनले आर्थिक विकास र पर्यावरण संरक्षणलाई सँगसँगै अघि बढाउन सके यस क्षेत्रका बासिन्दा थप लाभान्वित हुने धारणा राखे ।

रूपातालमा स्थानीय समुदाय माछापालनमा संलग्न भएर तालको संरक्षण र विकासमा योगदान दिंदै आएका छन् । रूपातालमा वार्षिक रु एक करोड ७० लाखको माछा बिक्री हुने गर्छ । दैनिक करीब एक सयदेखि १५० किलो माछा उत्पादन हुने गर्छ । दैनिक पाँच सय किलो माछाको माग भएपनि उत्पादन १५० किलोमा मात्र सीमित भएको छ । रूपातालमा अहिले ३५ प्रजातिका माछा रहेका छन् । माछा प्रतिकिलो समय अनुसार रु चार सयदेखि १५ सयसम्ममा बिक्री हुने गर्छ । ताजा र स्वस्थ्यकर भएकाले यहाँको माछा पर्यटकहरूमाझ लोकप्रिय हुँदै गएको अधिकारीको भनाइ छ ।

रूपाताल एकीकृत विकास परियोजनाका इन्जिनीयर कृष्ण विश्वकर्माले रूपातालको थप सौन्दर्य र संरक्षणका लागि वृहत् परियोजनामार्फत काम गरिरहेको बताए । "रूपाताल दीर्घकालीन आर्थिक समृद्धि र पर्यावरणीय संरक्षणको दृष्टिले एक महत्त्वपूर्ण कदम हो, यो परियोजनाले ताल र यसको आसपासको क्षेत्रलाई व्यवस्थित गर्दै पर्यटन विकासमा मदत पुग्नेछ ।" उनले रूपातालको संरक्षण र पूर्वाधारहरू सुधार गर्दै स्वदेशी र विदेशी पर्यटकलाई आकर्षित गर्ने र स्थानीय समुदायको आयआर्जनमा योगदान पुर्‍याउने लक्ष्यसहित परियोजनाको काम अघि बढेको बताए ।

परियोजनाको मुख्य उद्देश्य तालको जैविक विविधता संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम राख्नु, साथै वातावरणमैत्री पर्यटनलाई प्रवर्द्धन गर्नु रहेको छ । परियोजना अन्तर्गत वृक्षारोपण, माटो संरक्षण, सफाइ अभियान र पर्यटकका लागि सूचना केन्द्र र सङ्ग्रहालय स्थापना गर्ने कार्यहरू भइरहेको छ । इन्जिनीयर विश्वकर्माका अनुसार रूपाताल संरक्षण एकीकृत विकास परियोजना आर्थिक वर्ष २०७३/७४ मा करीब रु चार अर्ब ५१ करोड ६६ लाख लाग्ने अनुमानसहित शुरू भएको परियोजना हो । अहिले यसको करीब ४५ प्रतिशत काम सम्पन्न भएको छ । मुख्य बाँध निर्माणको करीब १५ प्रतिशत मात्र निर्माण सम्पन्न भएको छ ।

ताल वरपरको संरचना र पर्यापर्यटनलाई बढावा दिने उद्देश्यले तालवरिपरि साइकल र पैदलमार्गसहितको 'इको ट्रेल' निर्माण गरिनेछ । पर्यटकीय पूर्वाधारको रूपमा आकर्षक बगैंचा र अन्य सुविधाहरू निर्माण गर्दै ताललाई स्थानीय तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनाउने योजना रहेको छ । आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिए पनि निर्माण कार्यमा देखिएका विविध कारणले समयमैं सम्पन्न हुन नसक्ने भएपछि समयावधि बढाउनुपर्ने अवस्था आउने विकले जानकारी दिए ।

निर्माण कार्यमा हालसम्म दुई अर्ब २६ करोड रुपियाँभन्दा बढी रकम खर्च भइसकेको छ । यस परियोजनाबाट ७.९ किलोमिटर क्षेत्रमा सडकको निर्माण सम्पन्न भएको छ । ताल क्षेत्रलाई विस्तार गर्न आवश्यक संरचना निर्माणमा १४ सय ७२ रोपनी जग्गा आवश्यक रहेकामा ९९५ रोपनी जग्गाको मुआवजा दिइसकिएको छ । मुआवजाका लागि करीब एक अर्ब ३५ करोड रुपियाँ बजेट छुट्याइएको थियो । करीब ९३ करोड मुआवजामा वितरण भइसकेको छ । कतिपय ऐलानी जग्गा भएकाले मुआवजा दिनु नपर्ने भएको उनको भनाइ छ ।

विसं २०३२ को नापीले १३६ हेक्टर क्षेत्रफलमा फैलिएको तालको अहिले परियोजनाको सर्भेमा १२२ हेक्टर देखिएको छ । परियोजना सम्पन्नपश्चात् यसको क्षेत्रफल १८३ पुग्ने बताइएको छ । ताल खुम्चिनुका कारणहरूमा माटोको कटान, जलाधार क्षेत्रमा हुने अव्यवस्थित विकास र अतिक्रमण हुन् । रूपाताल पोखराका नौ तालमध्ये तेस्रो ठूलो ताल हो र यो परियोजनाले यसको दीर्घकालीन संरक्षण र विकासमा योगदान पुर्‍याउँदै, स्थानीय अर्थतन्त्रलाई पनि समृद्ध बनाउने विश्वास लिइएको छ ।

पोखराको प्रमुख बजार क्षेत्रबाट १५ किलोमिटर दूरीमा अवस्थित रूपाताल पोखरा महानगरपालिका–३१ मा पर्छ । जैविक विविधता र संरक्षणको दृष्टिकोणले निकै महत्त्वपूर्ण रहेको यस क्षेत्रमा जैविक संरक्षण क्षेत्रको रूपमा विकास गर्ने प्रयास थालिएको छ । रूपातालको माथिको झोलुङ्गे पुल र सुन्दरीडाँडा र पचभैया जस्ता स्थलहरू पनि अहिले पर्यटकको रोजाइमा परेका छन् ।


**भेरी नदीमाथि बनेको पुलः** मदन भण्डारी राजमार्ग अन्तर्गत धुलियाबिट–भेडावारी सडकखण्डको सुर्खेतको गुर्भाकोट नगरपालिका–१०, भेडावारीमा भेरी नदीमाथि बनेको मोटरेबल पुल । तस्विरः सुरेश आचार्य/रासस

## फरक समाचार

# डिजिटल गिरफ्तारी भनेको के हो ?

हालै 'डिजिटल अरेस्ट' शब्द समाचारमा बारम्बार आइरहेको छ । जसका कारण कैयौं धनाढ्यहरूले डिजिटल गिरफ्तारीको नाममा लाखौं र करोडौं रुपियाँ घाटा बेहोरिरहेका छन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले समेत यो



घोटालाबारे चेतावनी दिएका छन् । भर्खरैको घटना हो, भारत, मध्य प्रदेश पुलिसले भोपालका एक व्यापारीलाई साइबर अपराधीको शिकार हुनबाट बचाएको छ । आखिर डिजिटल गिरफ्तारी के हो ? अचानक साइबर ठगीका घटना किन बढ्यो ? यसलाई रोक्ने कुनै उपाय छ ? यी सबै प्रश्नको जवाफ बुझ्नुहोस् ।

**डिजिटल अरेस्ट : एक प्रकारको घोटाला :** यो एक प्रकारको साइबर ठगी हो । यो जनताको शोषण गर्ने नयाँ र खतरनाक तरीका हो । यस शब्दावलीका दुई भाग छन्– डिजिटल गिरफ्तारी र घोटाला । हामीले डिजिटल गिरफ्तारी बुझ्नु अघि, यो जान्नु धेरै जरुरी छ कि कानूनमा त्यस्तो कुनै शब्द छैन । डिजिटल गिरफ्तारी साइबर अपराधीहरूले प्रयोग गर्ने भ्रामक रणनीति हो ।

**पैसा लुट्ने उद्देश्य :** यसमा फोन वा अनलाइन सञ्चारका माध्यमबाट व्यक्तिलाई पक्राउ गरेको झूटो दाबी गरिन्छ । यसको उद्देश्य जनतामा त्रासको वातावरण सिर्जना गर्ने मात्र हो, त्यसपछि पीडितलाई आफू आपराधिक गतिविधिमा संलग्न रहेको विश्वास गराइन्छ र अन्ततः उसबाट ठूलो रकम असुल्ने गरिन्छ । यो सम्पूर्ण प्रक्रिया योजनाबद्ध ढङ्गले गरिन्छ, र पीडितले घटनापछि अपराधको रिपोर्ट गर्न सक्दैन ।

**धेरै तरीकाले पैसा लुटिन्छ :** यो धेरै तरीकामा हुन सक्छ । तर यसमा सबैभन्दा महत्त्वपूर्ण कुरा के हो भने फसेका व्यक्तिलाई धम्की वा प्रलोभनमा घण्टौं वा कैयौं दिनसम्म क्यामेराको अगाडि बस्न बाध्य पारिन्छ, जसका कारण उसले डराएर आफ्ना धेरै व्यक्तिगत जानकारी दिन्छ, जसको प्रयोग गरेर अपराधीले उसको खाताबाट पैसा निकाल्न सक्छ अथवा उसको नामबाट फर्जी काम र रकम निकाल्ने काम गर्छ ।

**यो कसरी शुरू हुन्छ :** सम्पूर्ण घोटाला एउटा साधारण सन्देश, इमेल वा ह्वाट्सएप सन्देशबाट शुरू हुन्छ । जसमा पीडित कुनै न कुनै आपराधिक क्रियाकलापमा संलग्न रहेको दाबी गरिएको हुन्छ । यसपछि उसलाई भिडियो वा फोन कलमार्फत केही प्रक्रियाबाट गुज्रन दबाब दिइन्छ र पुष्टिका लागि धेरै किसिमका जानकारी पनि मागिन्छ । त्यस्ता कल गर्नेहरूले आफूलाई प्रहरी, नारकोटिक्स, साइबर सेल प्रहरी, आयकर वा सिबिआई अधिकारीको रूपमा प्रस्तुत गर्छन् । उनीहरू कुनै कार्यालयबाट वर्दी लगाएर फोन गर्छन् ।

**एक किसिमले पीडित पक्राउको स्थितिमा रहन्छ :** त्यसपछि पीडितलाई झूटो आरोप लगाएर दबाब दिई कानूनी कारबाई गर्ने धम्की दिइन्छ र सोधपूछका क्रममा भिडियो कलमा बस्नुपर्ने र कागजात आदि पुष्टि नभएसम्म अरूसँग कुरा गर्न नमिल्ने भनी दबाब दिइन्छ ।

**पैसा र सूचना लुटिन्छ :** पीडितलाई बेचैन र तनावमा पारिन्छ, त्यसपछि सबै जानकारी पाएपछि मामिला शान्त पार्न कुराकानी गरिन्छ, जसमा ठूलो रकम तिर्न भनिन्छ । अपराधीहरूको पहिचानसँग कुनै सरोकार नभएका खाताहरूमा पैसा जम्मा गर्न लगाइन्छ र पैसा झिकेर तुरुन्तै अपराधीहरू बेपत्ता हुन्छन् ।

डिजिटल गिरफ्तारी इन्टरनेटको माध्यमबाट गरिने ब्ल्याकमेलभन्दा खतरनाक हुन्छ किनभने पैसासँगै संवेदनशील जानकारी पनि उनीहरूले चोर्छन् । बैंक खाता नम्बर, क्रेडिट कार्ड नम्बर, पासवर्ड आदि उनीहरूले चोर्न सक्छन् ।

# लावा : स्वास्थ्यको लागि चमत्कारी औषधि

दीपावलीमा लक्ष्मीमातालाई चढाइने लावा स्वास्थ्यका लागि चमत्कारी औषधि पनि हो । यसको सेवनले शरीरलाई अचम्मको फाइदा पुर्‍याउँछ । लावामा प्रचुर मात्रामा फाइबर हुन्छ, जसले पेटलाई स्वस्थ राख्छ र कब्जियतको समस्यालाई निको पार्छ । लावामा प्रशस्त मात्रामा एन्टिअक्सिडेन्ट पाइन्छ, जसले शरीरलाई रोगबाट टाढा राख्न मदत गर्छ । यसको प्रयोगबाट कुनै पनि व्यक्तिले सजिलै स्वास्थ्यलाभ प्राप्त गर्न सक्छ ।



आयुर्वेदिक चिकित्सक डा सुनीता सोनलले लावाले चमत्कारी आयुर्वेदिक औषधिको रूपमा काम गर्ने बताइन् । यसमा प्रशस्त मात्रामा फाइबर पाइने भएकोले यो पेटका लागि वरदानजस्तो हुने उनी बताउँछिन् । यसले कब्जियतजस्ता समस्यालाई टाढा राख्ने बताइन् । लावामा एन्टिअक्सिडेन्ट प्रशस्त मात्रामा पाइन्छ । जसका कारण यो शरीरका लागि वरदानभन्दा कम छैन । यसले शरीरमा रोग प्रतिरोधात्मक क्षमता बढाएर रोगलाई टाढा राख्ने काम गर्छ ।

लावामा भिटामिन डी प्रचुर मात्रामा पाइन्छ, जसले हाडलाई मजबूत बनाउन मदत गर्छ । यदि लावालाई दूधमा मिसाएर खाने हो भने यसले हाडलाई बलियो बनाउँछ । लावालाई पानीमा भिजाएर प्रयोग गरेमा पखालाको समस्याबाट तत्काल आराम पाइन्छ । लावा यस्तो चमत्कारी आयुर्वेदिक औषधि हो, जसको प्रयोगले कुनै पनि व्यक्तिले स्वास्थ्य लाभ लिन सक्छ । लावाले शरीरमा कुनै साइड इफेक्ट गर्दैन । सबैले उपभोग गर्न सक्छन् ।

धेरै मानिसको घरमा तपाईंले लावा सजिलै पाउन सक्नुहुन्छ । यो धानबाट तयार हुन्छ । धेरैले यसलाई 'लाई' पनि भन्छन् । दीपावली, मकर सङ्क्रान्ति, विवाहलगायत चाडपर्व र अवसरहरूमा लावाको प्रसाद प्रदान गरिन्छ । लावा मुख्यतया दीपावली र धनतेरसमा चढाइन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# रूबियोलाई विदेशमन्त्री बनाउने ट्रम्पको तयारी

वाशिङ्टन, २७ कात्तिक/एएफपी

नवनिर्वाचित अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले फ्लोरिडाका सिनेटर मार्को रूबियोलाई विदेशमन्त्रीमा नियुक्त गर्ने तयारी गरेका छन् ।




नाम उल्लेख नगरीकन विभिन्न तीनजनालाई उद्धृत गर्दै समाचारमा भनिएको छ, "आफ्नो उपराष्ट्रपति पदको उम्मेदवारको रूपमा चयन गरेका रूबियोलाई ट्रम्पले विदेशमन्त्रीको सम्भावित उम्मेदवारका रूपमा प्रस्तुत गरेका छन् । यो निर्णय अन्तिम होइन ।"

जर्मनीका लागि पूर्वराजदूत रिक ग्रेनेलसँगै रूबियोलाई अमेरिकी कूटनीतिको नेतृत्व गर्ने अग्रपङ्क्तिका व्यक्तिका रूपमा गत हप्तादेखि चर्चा गरिएको छ ।

रूबियोले गत साता सिएनएनसँग भनेका थिए, "म जहिले पनि यो देशको सेवा गर्न इच्छुक छु ।"

क्युबाको विरासत बोकेका कट्टरपन्थी सांसदको मनोनयनले ट्रम्पसँगको सम्बन्धमा उल्लेखनीय परिवर्तन ल्याउनेछ ।

सन् २०१६ मा रिपब्लिकन पार्टीका तर्फबाट राष्ट्रपति पदका लागि उम्मेदवारी दिने क्रममा रूबियोले ट्रम्पलाई 'ठग कलाकार' र 'अहिलेसम्मकै सबैभन्दा अश्लील व्यक्ति' भनेका थिए ।

मियामीमा क्युबाली आप्रवासीको कोखबाट जन्मिएका उनले सन् १९९३ मा फ्लोरिडा विश्वविद्यालयबाट राजनीतिशास्त्रमा स्नातक गरेका थिए ।

सन् २०१० मा बाराक ओबामा राष्ट्रपतिमा निर्वाचित भएपछि रिपब्लिकनहरूको अति दक्षिणपन्थी दल टी पार्टीले उनको चुनावी अभियानलाई बढावा दिंदै उनी अमेरिकी सिनेटमा निर्वाचित भएका थिए । रासस

# जापानले ३० को दशकमा जैविक इन्धनयुक्त नयाँ कार ल्याउने

टोकियो, २७ कात्तिक/एएफपी

जापानले सन् २०३० को दशकको शुरूमा सबै नयाँ यात्रीवाहक कारलाई जैविक इन्धनयुक्त बनाउन कार निर्माताहरूलाई प्रोत्साहित गर्ने योजना अघि सारेको छ ।

स्थानीय सञ्चारमाध्यमका अनुसार उद्योग मन्त्रालयले उपसमितिको बैठकमा सार्वजनिक गरेको नयाँ लक्ष्यले तेल थोक विक्रेताहरूलाई आर्थिक वर्ष २०३० सम्म १० प्रतिशतसम्म बायोएथेनोल मिश्रित पेट्रोल आपूर्ति शुरू गर्न आग्रह गर्ने लक्ष्य राखेको छ । मन्त्रालयले यो परिवर्तनलाई कानूनमार्फत अनिवार्य बनाउनेबारे पनि सोचिरहेको बताइएको छ ।

"यसबाहेक मन्त्रालयले अर्को ग्रीष्म ऋतुसम्म अन्तिम रूप दिने अपेक्षा गरिएको एक कार्ययोजना तयार गरिरहेको छ र बायोएथेनोल–मिश्रित इन्धनहरू समायोजित गर्न ग्याँस स्टेशनहरूमा आवश्यक तयारीका लागि सहयोग गर्नेछ"–रिपोर्टमा भनिएको छ ।

मकै र उखुबाट बनेको बायोएथेनोलले प्रकाश संश्लेषणको क्रममा कार्बन डाइअक्साइड सोस्छ ।

जैविक इन्धनको यस प्राकृतिक प्रक्रियाले बायोएथेनोल–मिश्रित इन्धन जलाउँदा उत्पन्न कार्बन डाइअक्साइड उत्सर्जन नियन्त्रण गर्न मदत गर्ने विश्वास गरिएको छ । रासस

# श्रीलङ्कामा वामपन्थी दल संसद्मा बहुमत ल्याउने कसरतमा

कोलम्बो, २७ कात्तिक/एएफपी

श्रीलङ्काका नयाँ वामपन्थी नेताले बिहीवार हुने निर्वाचनमा आफ्ना तीन संसदीय सिटलाई सदनको बहुमतमा पुऱ्याउने प्रयास गर्दैगर्दा बलियो समर्थन प्राप्त हुने देखिएको छ ।

कार्ल मार्क्स र चे ग्वेभारालाई आफ्नो नायकका रूपमा लिने ५५ वर्षीय राष्ट्रपति अनुरा कुमारा दिसानायकेलाई देशको सबैभन्दा ठूलो र सबैभन्दा प्रभावशाली निजी क्षेत्रको व्यापार र उद्योग निकायको समर्थन छ ।

सन् २०२२ मा देशको आर्थिक मन्दीलाई लिएर सिर्जना भएको जनाक्रोशका कारण दिसानायकेले सेप्टेम्बरमा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा बहुमत प्राप्त गरेका थिए ।

सिलोन चेम्बर अफ कमर्स (सिसिसी) ले आर्थिक पुनरुत्थानका लागि आफ्ना प्रस्तावहरू पिपुल्स लिबरेशन फ्रन्ट (जेभिपी)को समाजवादी एजेन्डासँग मेल खाने बताएको छ ।

देशले दिसानायकेको नेतृत्वमा चीन वा भियतनामका आर्थिक मोडेलहरू पछ्याउन सक्ने व्यवसायीहरूले अनुमान गरेका छन् ।

अस्ट्रेलियास्थित भूराजनीतिक जोखिम विश्लेषण फर्म ट्रेसिंकका इमरान फुरकानले भने–"पहिलो कार्यकालमा पूर्ण लोकतान्त्रिक व्यवस्थाको मामिलामा भियतनामभन्दा जेभिपीले धेरै राम्रो नीति अख्तियार गर्नेछ ।"

उनले भने–"लामो समयदेखि साम्यवादी रहेको भियतनामको तुलनामा श्रीलङ्कामा प्रजातन्त्रको गहिरो जरा गडेको छ ।"

बिहीवारको संसदीय चुनावमा दिसानायकेको पार्टीले सहजै जीत हासिल गर्ने र त्यसपछि उनका दक्षिणपन्थी पूर्ववर्ती रनिल विक्रमासिङ्घेले शुरू गरेको अलोकप्रिय मितव्ययिताका उपायहरूसहित सुधारहरू अघि बढाउने फुरकानले विश्वास व्यक्त गरेका छन् ।

**शेयरमा उछाल**

सन् १९७१ र १९८७ मा सशस्त्र विद्रोहको नेतृत्व गरेको जेभिपीले आफूलाई राष्ट्रिय जनसत्ता (एनपिपी) भनिने व्यावसायिक समूहहरूसँग गठबन्धन गरेर मूलधारको राजनीतिमा सामेल गरेको छ ।

"विक्रमासिङ्घेले गरेको ऋण सम्झौतालाई अगाडि बढ्न दिएर स्थानीय र विदेशी लगानीकर्ताको विश्वास जितेकाले दिसानायकेले सुधारलाई उल्टाउने सम्भावना छैन"–फुरकानले भने ।

दिसानायकेको जीतपछि कोलम्बो स्टक एक्सचेन्जको 'अल शेयर प्राइस इन्डेक्स' १६.६५ प्रतिशतले बढेको छ ।

दिसानायकेले विशाल छिमेकी भारत र देशको सबैभन्दा ठूलो द्विपक्षीय ऋणदाता चीनसँग पनि घनिष्ठ सम्बन्ध कायम राखेका छन् ।

करीब दुई करोड २० लाख जनसङ्ख्या रहेको बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको सानो तर रणनीतिक दृष्टिले हिन्द महासागर टापुमा अवस्थित श्रीलङ्कामा भारत र चीन दुवैले प्रभाव जमाउन प्रतिस्पर्धा गरिरहेका छन् ।

संसद्को २२५ सिटका लागि आठ हजार ८८० उम्मेदवारका लागि बिहीवार बिहान ७:०० बजे मतदान शुरू हुनेछ । निर्वाचन अनुगमनकर्ताले मतदातामा राष्ट्रपति निर्वाचनको तुलनामा कम उत्साह देखिएको बताएका छन् ।

निजी निगरानी समूह पिपुल्स एक्शन फर फ्री एन्ड फेयर इलेक्शन (पाफ्रल) ले राष्ट्रपति चुनावमा देखिएको ८० प्रतिशतभन्दा कम मतदान हुन सक्ने जनाएको छ ।

पाफ्रेलकी प्रमुख रोहना हेटियाराचीले विपक्षी दलका थोरै उम्मेदवार सक्रिय भएकाले नतीजालाई पूर्वनिर्धारित निष्कर्षका रूपमा हेरिएको बताइन् ।

दिसानायकेको पार्टीले निवर्तमान विधायिकामा केवल तीन सिट मात्र जितेको भएपनि यसपटकको संसदीय निवाचनमा यसलाई अत्यधिक वृद्धि गर्ने अनुमान गरिएको छ । रासस


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com




**राजापानी महादेवमा भक्तजनः** हरिबोधनी एकादशीका अवसरमा तनहुँको व्यास नगरपालिका–९ गजौडेस्थित राजापानी सिद्धेश्वर महादेव मन्दिरमा मङ्गलवार बिहान फूलको डोली भित्र्याउन भक्तजनको घुइँचो । तस्बिरः कृष्ण न्यौपाने/रासस

**कोप ...**

आवाज उठाउने प्रतिबद्धता व्यक्त गरेका छन् । १९२ भन्दा बढी मुलुकका राष्ट्र तथा सरकार प्रमुखदेखि उच्चपदस्थ अधिकारीसामु उनले हिमालको सुरक्षाको मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गर्ने कार्यक्रम तय भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार राष्ट्रपति पौडेलले कोप सम्मेलनमा जलवायु परिवर्तनको असरका कारण बढेको जोखिमका उदाहरणहरूसमेत प्रस्तुत गर्नेछन् ।

राष्ट्रपति पौडेलका वन तथा वातावरण सल्लाकार डा परमेश्वर पोखरेल जलवायु परिवर्तनले निम्त्याएका समस्या समाधानका लागि स्पष्ट मार्गचित्रसहित विश्वको ध्यानाकर्षण गर्न कोप सफल हुने बताउँछन् ।

यसैगरी, जलवायुजन्य परिस्थितिले सिर्जना गरेका विपद्जन्य घटनाका विभिन्न उदाहरण कोपमा प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी दिंदै वन तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गाना भन्छन्, "बेमौसमी विपद्, थामेको हिमपहिरो, विपद्जन्य घटनाहरू हामी कोपमा प्रस्तुत गर्नेछौं । जलवायुजन्य हानि–नोक्सानीका लागि वित्तीय पहुँचबारे पैरवी गरी विश्वको ध्यान नेपालतर्फ आकर्षित गर्न अधिकतम प्रयास गर्नेछौं ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा कृष्णहरि पुस्करले नेपालले कार्बन उत्सर्जन गराउनमा नगन्य भूमिका खेले पनि विकसित मुलुकहरूले उत्सर्जन गराएको कार्बन डाइअक्साइडले निम्त्याएको जलवायुजन्य समस्या नेपालजस्ता मुलुकले खेप्नुपरेको उल्लेख गर्दै जलवायु वित्तमा सहज पहुँच र जलवायु न्याय कोपमा सुनिश्चित हुनुपर्नेमा जोड दिए ।

जलवायुविद् मञ्जीत ढकालले विश्वव्यापीरूपमा बढ्दो जलवायु प्रभावहरू र नेपालमा भएका विनाशकारी बाढी–पहिरोजस्ता जलवायु परिवर्तनले सिर्जित गरेका विपद्का कारण तत्काल जलवायु कार्यको आवश्यकता अझ स्पष्ट बनाएको तथा यस विषयमा व्यापक छलफल हुने अपेक्षा गरेका छन् ।

"कोप–२९ मा नयाँ जलवायु वित्त लक्ष्य अपनाउनका लागि नेपालले जोडदार माग गरेको छ । विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा तल सीमित राख्ने स्पष्ट मार्गनिर्देशनको आवश्यकता उठाएको छ," उनले भने, "पर्वतीय प्राथमिकतासँग सम्बन्धित छलफलहरूमा नेपाल सक्रियरूपमा सहभागी छ । पहाडी क्षेत्रमा देखिएको जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने उद्देश्यका साथ नेपालको तर्फबाट विशेष छलफलका लागि माग गर्ने तयारी भइरहेको छ ।"

त्यस्तै, जलवायु व्यवस्थापनविद् डा धर्मराज उप्रेती जलवायु न्यायका सिद्धान्तमा आधारित जलवायु वित्त परिचालन हुनुपर्ने बताउँछन् ।

**कोपका लागि तय गरिएका यी हुन् मुख्य छवटा एजेन्डा**

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्य छवटा एजेन्डालाई उच्च प्राथमिकता दिई नेपाली प्रतिनिधिहरू कोपमा उपस्थित भएका छन् । वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानि–नोक्सानी न्यूनीकरण, कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका छवटा विषयगत कार्यपत्र तयार गरिएका छन् ।

"नेपालको राष्ट्रिय स्थितिपत्र तयार गरी कोपमा ल्याइसकेका छौं, यसमा राष्ट्रिय अवधारणापत्र, जलवायु अनुकूलन, जलवायु वित्त, कृषि र खाद्य प्रणाली, स्वास्थ्य र जलवायु परिवर्तन, ऊर्जा सङ्क्रमण, दक्षता, पानी तथा जलवायुजन्य कार्य, जलवायुका लागि प्रकृतिलगायतका विषयवस्तुहरू समावेश गरिएका छन्," वन तथा वातावरण मन्त्रालयका सहसचिव डा बुद्धि पौडेलले भने ।

गत वर्ष युनाइटेड अरब इमिरेट्स (युएई)को दुबईमा सम्पन्न कोप–२८ मा स्थापना गरिएको जलवायुजन्य हानि–नोक्सानीसम्बन्धी कोषको प्रभावकारी कार्यान्वयनका पक्षमा नेपालका तर्फबाट दबाब दिने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले स्पष्ट गरेको छ ।

## आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | अलमल | वृष | मनोरञ्जन |
| मिथुन | सफलता | कर्कट | राज्यलाभ |
| सिंह | रोगभय | कन्या | व्यापारवृद्धि |
| तुला | शत्रुपराजय | वृश्चिक | सुसमाचार |
| धनु | भयचिन्ता | मकर | मित्रमिलन |
| कुम्भ | अतिथिआगमन | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा

### निर्माण कार्यको लागि सहयोगबारेको सूचना

प्रथमपटक प्रकाशित गरिएको सूचना : २०८१।०७।२८

यस उपमहानगरपालिका (पहिलो पक्ष)को पूर्ण स्वामित्वमा रहेको कलैया–१ हाटबजारभित्र दही बजारदेखि पूर्वतर्फ नयाँ सटर भवन निर्माण भएकोले मासिक भाडामा लगाउनको निमित्त शर्तहरूको अधीनमा रहनेगरी इच्छुक व्यक्तिहरूले १५ दिनभित्र रु १० को नगदी रसिदसहित रीतपूर्वक गोप्य सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं | ठेक्का शिर्षक | वडा नं | टोल | सटर नं | निर्माण सहयोग न्यूनतम अङ्क रु | फाराम दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १/२०८१/८२ | सटर भवन निर्माण सहयोग | १ | कलैया बजार | १५८, १५९, १६७, १६८, १६९, १७० र १७१ | १८,००,०००।– | १,०००/– | |
| २/२०८१/८२ | सटर भवन निर्माण सहयोग | १ | कलैया बजार | १६५ र १७९ | १०,००,०००।– | १,०००/– | |

१) बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको नम्बर, नाम, ठेगाना र कलैया उमनपा कार्यालय, बारा भनी प्रस्ट लेख्नुपर्नेछ ।
२) फाराम यस कार्यालयबाट माथि उल्लेख भएबमोजिम पछि फिर्ता नहुनेगरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयमा खरीद गर्न सकिनेछ ।
३) ठेक्काको हकमा सूचना प्रकाशित भएको १६औं दिनमा दिनको १२:०० बजेभित्र कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, बारामा बोलपत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ । उक्त दिन बिदा परेमा सोपछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
४) नयाँ सटरको मासिक भाडा रु ५०००।– (पाँच हजार) रहनेछ । समयसमयममा नगरपालिकाको आर्थिक ऐन अनुसार भाडा वृद्धि गरिनेछ ।
५) ठेक्कासम्बन्धी अन्य थप कुराहरू बुझ्नुपरेमा यस कार्यालयको राजस्व शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।
६) यस सूचनामा उल्लेख नभएका शर्तहरूको हकमा प्रचलित कानूनबमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# वडा कार्यालयमा तालाबन्दी, आर्थिक खर्च माग

प्रस, परवानीपुर, २७ कात्तिक/


वडा कार्यालयमा भेला भएका सर्वसाधारण । तस्वीरः प्रतीक

धोबिनी गाउँपालिका–२ भिखमपुरस्थित वडा कार्यालयमा चारवटा दलले मङ्गलवार तेस्रो दिन पनि तालाबन्दी जारी राखेका छन् ।

छठ पूजामा वडाध्यक्ष देवेन्द्र पटेलले आफ्नो टोलका मात्र १८० जना छठ बर्तालुलाई स्टीलको बाटा सहयोग गरेको र अन्य टोलका बर्तालुलाई सहयोग नगरेको आरोपमा कात्तिक २५ गते छठपछि कार्यालय खुल्ने दिन स्थानीयले तालाबन्दी गरेका थिए ।

अहिले सो तालाबन्दीले राजनीतिक रूप लिएको छ। नेपाली काङ्ग्रेस, एमाले, माओवादी केन्द्र र जनमत पार्टीले वडाध्यक्षले गरेको आर्थिक अनियमितताविरुद्ध तालाबन्दी भएको भन्दै तीन वर्षको आर्थिक हिसाबकिताब प्रस्तुत नगरेसम्म तालाबन्दी नखोल्ने जनाएका छन् । एमालेका स्थानीय नेता अम्बिका राउत कुर्मीले सो वडाको वार्षिक सवा करोड बजेट रहेको र अहिलेसम्म वडाध्यक्षले मनोमानी गर्दै आएको आरोप लगाए । माओवादी केन्द्रका सन्तोष पटेलले आर्थिक पारदर्शिता कायम नभएसम्म ताला नखोलिने बताए ।

National Healthcare

!!OPPORTUNITY!!

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-
Job Location: Chhatapipra,Bara, Nepal

**Purchase Executive :**

- **BBA/BBS /MBA/MBS(Completed or Pursuing)**
- **Activities related to Purchase**

Job Location : Shreepur, Birgunj,Nepal
No. of Vacancy : 1

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to hrdnhc@gmail.com by 20th November,2024.

*No telephonic calls shall be entertained; Only Short listed candidates will be called for an interview.*

**निमोनियाबाट बचौं र बचाऔं**

**फोक्सोमा हुने निमोनिया सङ्क्रमणका लक्षणहरूः**

- ज्वरो आउने, खोकी लाग्ने,
- श्वासप्रश्वासको गति बढ्ने, श्वास फेर्न गाह्रो हुने,
- ससाना बालबालिकालाई आमाको दूध चुस्न गाह्रो हुने,
- शरीर नीलो हुने,

यसबाट बढी मात्रामा बालबालिका प्रभावित हुने हुँदा त्यस्ता लक्षण देखिएमा तुरुन्त अस्पताल वा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## निमियामाई मन्दिरमा चोरी

प्रस, वीरगंज, २७ कात्तिक/

पर्साको विन्ध्यवासिनी गाउँपालिका–५ हस्वामा रहेको निमियामाई मन्दिरमा आइतवार राति चोरी भएको छ। राति मन्दिरमा कोही नभएको बेला चोरहरूले मन्दिरभित्र रहेको स्टील दराज फोडेर देवताका कपडासहित दानबाट आएको रकमसमेत चोरी गरेका थिए ।

यस विषयमा इलाका प्रहरी कार्यालय पोखरियाले छानबीन भइरहेको जनाएको छ । स्थानीय चन्द पाण्डेका अनुसार चोरहरूले मन्दिरभित्र रहेका अन्य सामान पनि चोरी गरेको बताएका छन् ।

**मधेसबाट ...**

बताए । ऋण, सापटी लिएर विदेशिने युवाहरूमध्ये अधिकांश विदेशमा पीडादायी जीवन व्यतीत गरिरहेका र यसबाट दोहोरो समस्या सृजना भएकोले सरकारले दक्ष जनशक्ति तयार गरेर मात्र विदेश पठाउनुपर्ने सुझाए ।

नेपाल वैदेशिक रोजगार प्रवर्द्धन बोर्डका कार्यकारी निर्देशक डा द्वारिका उप्रेतीले विदेशिनु अघि मानसिकरूपमा तयार भई दक्ष सीप लिएर मात्र जान सुझाए। कुन विषयको रोजगारका लागि विदेशिने हो, त्यस विषयमा ज्ञान, सीप हासिल गरी दक्ष भई विदेशिंदा अपनाउनुपर्ने सावधानीका उपायको अग्रिम जानकारी लिएर जानेहरूले दुःख–कष्ट बेहोर्नु नपर्ने सम्भावना रहने बताए।

गोष्ठीमा बारा, पर्सा, रौतहटका ४८ स्थानीय पालिकाबाट ४८ जना कर्मचारी सहभागी थिए । उनीहरूलाई टीकाराम ढकाल, कल्पना रेग्मी, ऋषिराम पाण्डे, गोविन्दप्रसाद हुमागाईं, अङ्केश्वर झा, डा द्वारिका उप्रेती, सिमन न्यौपानेले प्रशिक्षण दिएका थिए । कार्यक्रममा कोल्हवी नगरपालिकाकी उपप्रमुख लक्ष्मीकुमारी चौधरीलगायतले मन्तव्य व्यक्त गरेका थिए भने सहजीकरण कल्पना रेग्मीले गरेकी थिइन् ।

**छवटा सरकारी ...**

अनुगमनको क्रममा सबैभन्दा बढी भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका कर्मचारीहरू लापरवाह देखिएको जिप्रका, पर्साले जनाएको छ । सो कार्यालयमा तीनजना अनुपस्थित, चारजना बिदामा र २१ जना कार्यालय समयभन्दा ढिला उपस्थित भएका थिए। यसैगरी, सघन शहरीमा एकजना बिदामा, आठजना अनुपस्थित र एकजनाले हाजिर नगरेको पाइएको थियो । यातायातमा कार्यालय प्रमुखसहित ११ जना अनुपस्थित थिए। नेविप्रा वीरगंज वितरण केन्द्रमा भने ई–हाजिरीको व्यवस्था गरिएको तर सोको विवरण उपलब्ध नभएको जिप्रका, पर्साले जनाएको छ। स्वास्थ्यमा पाँचजना अनुपस्थित र एकजना बिदामा तथा डिभिजन वनमा पाँचजना अनुपस्थित थिए।

जिप्रका, पर्साले मधेस प्रदेश अन्तर्गतका कार्यालयहरूको प्रदेशमा विवरण पठाउने र सङ्घ अन्तर्गतका कार्यालयहरूमा स्पष्टीकरण सोधिने जानकारी गराएको छ। भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका प्रमुख डमरु निरौलाले आफू सोमवारसम्म काज बिदामा रहेकोले मङ्गलवारको अनुगमनमा अनुपस्थित र ढिला भएका कर्मचारीहरूलाई स्पष्टीकरण सोधिएको बताए ।

# खेलकूदको संसार

## भेट्रान्स सिटी क्लब वीरगंजद्वारा फूटबल खेलाडी सम्मानित

प्रस, वीरगंज, २७ कात्तिक/

भुटानमा २०–३० सेप्टेम्बरमा २०२४ को साफ यू–१७ फूटबल प्रतियोगितामा सर्वाधिक गोल गरी गोल्डेन बूट प्राप्त गर्ने नेपालका खेलाडी वीरगंज, कुम्हालटोल निवासी सुजन डङ्गोललाई सम्मानित गरिएको छ । एक कार्यक्रममा पर्सा जिल्ला फूटबल सङ्घका अध्यक्ष रोशन गुप्ता, भेट्रान्स सिटी क्लब, वीरगंजका अध्यक्ष सबिन बस्नेत र मधेस प्रदेशका महासचिव दीपक साहले संयुक्तरूपमा २१ हजार नगदसहित सम्मानपत्र र दोसल्ला ओढाइ सम्मानित गरेका थिए।


तस्वीरः प्रतीक

कार्यक्रममा भेट्रान्स सिटी क्लबका वरिष्ठ उपाध्यक्ष रोशन श्रेष्ठ, उपाध्यक्ष सागर शम्शेर जबरा, कोषाध्यक्ष सुबोध श्रीवास्तव, पर्सा जिल्ला फूटबल सङ्घका पूर्वअध्यक्ष मनोज भट्टराई, पत्रकार पङ्कज श्रेष्ठ, रेफ्री सङ्घका अध्यक्ष अर्जुन गुप्ता, सदस्यहरू पङ्कज चौधरी, अनुप नगरकोटी, अलि अख्तर, मइम मियाँ, गुड्डु, अकबर हवारीलगायत सहभागी रहेको भेट्रान्स सिटी क्लब, वीरगंजका सन्तोष खनालले बताए ।

## विश्वकप एशिया छनोट : नेपालद्वारा कुवेत पराजित

काठमाडौं, २७ कात्तिक/रासस

कप्तान पूजा महतोले ब्याटिङ र बलिङमा उत्कृष्ट खेल प्रदर्शन गरेपछि युनाइटेड अरब इमिरेट्स (युएई)मा जारी


तस्वीरः सौजन्य

आइसिसी यू–१९ महिला टी–२० विश्वकपको एशिया छनोटको पाँचौं खेलमा नेपाल विजयी भएको छ। मङ्गलवार सम्पन्न सो खेलमा नेपालले कुवेतलाई १६५ रनको फराकिलो अन्तरले हराएको हो। सो अवसरमा महतोले ब्याटिङतर्फ शतकीय पारी खेल्नुका साथै बलिङतर्फ पाँच विकेट लिइन्। नेपालबाट एउटै खेलमा शतक प्रहार तथा पाँच विकेट लिने पहिलो खेलाडी बन्दै उनले इतिहाससमेत रचेकी छन्।

युएईको अजमानस्थित द सेभेन रङ्गशालामा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरको खेलमा दुई विकेट गुमाएर २१३ रन बनाएको थियो। २१४ रनको लक्ष्य पछ्याएको कुवेतले १३ ओभरमा सबै विकेट गुमाएर ४८ रन मात्रै बनाउन सक्यो।

कुवेतका लागि जिफा जिलानीले सर्वाधिक ३६ रन बनाइन्। उनले ४२ बलमा सात चौका प्रहार गरिन्। जिफाबाहेक कुवेतका कुनै पनि खेलाडीले दोहोरो अङ्कले रन बटुल्न सकेनन्। नेपालले कुवेतलाई सात अतिरिक्त रन दिएको थियो।

बलिङतर्फ नेपालका लागि कप्तान महतोले पाँच तथा रचनाकुमारी चौधरी र सीमा केसीले दुई/दुई विकेट लिए।

यस अघि नेपालका लागि ब्याटिङ गर्ने क्रममा कप्तान पूजा महतोले १०३ रन बनाइन्। उनले ६९ बल खेल्ने क्रममा १७ चौका प्रहार गरिन्। यस्तै, सोनी पाख्रिनले ३३ बलमा दुई चौकाको मदतमा ४३, सावित्री धामीले ११ र साना परवीनले छ रनको योगदान दिए। कुवेतले नेपाललाई २३ अतिरिक्त रन दिएको थियो।

बलिङतर्फ कुवेतका लागि जिफा जिलानी र रेलिन मारिया डी सुजाले एक/एक विकेट लिए। नेपालले अब बुधवार युएईसँग प्रतिस्पर्धा गर्नेछ। छनोट खेलमा आयोजक युएईसहित नेपाल, कुवेत र थाइल्यान्ड सहभागी छन्। सहभागीमध्ये शीर्ष स्थान हासिल गर्ने टोली सन् २०२५ मा मलेशियामा हुने यू–१९ विश्वकपमा छनोट हुनेछ।

## नमोबुद्ध युवा क्लब विजयी

प्रस, पर्सागढी, २७ कात्तिक/

पर्सागढी नगरपालिका–३ झबराहाको मिनी खेलमैदानमा जारी प्रथम बिरुवागुठी नकआउट फूटबल प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको खेलमा नमोबुद्ध युवा क्लब, झबराहा विजयी भएको छ।

आज भएको खेलमा मध्यान्तर अघि झबराहा र निजगढ युनाइटेड क्लबले दुई/दुई गोलको बराबरी खेलेका


तस्वीरः प्रतीक

थिए। मध्यान्तरपछिको खेल गोलरहित भएकोले टाइब्रेकरबाट निर्णय लिइएको थियो। टाइब्रेकरमा नमोबुद्धले चार र निजगढ युनाइटेडले दुई गोल गरेका थिए। खेलको 'म्यान अफ दी म्याच' नमोबुद्धका चाइनिज माझी घोषित भएको सूचना प्रसारण प्रमुख कृष्ण शर्माले बताए।

उनले भोलि बुधवारदेखि सेमिफाइनल चरणको खेल हुने र पहिलो सेमिफाइनलमा रतनपुर युनाइटेड क्लब र सिमरा युनाइटेड क्लब भिड्ने बताए।

**सच्याइएको**: हिजो मङ्गलवारको अङ्कमा अन्तिम पृष्ठमा खेलकूदको संसार अन्तर्गत 'आयोजक बडनिहार क्लब टाइब्रेकरमा पराजित' शीर्षक समाचारमा आयोजक बडनिहार युथ क्लबले टाइब्रेकरमा दुईका विरुद्ध चार गोल गरी जनकल्याण युवा क्लब बकुलियालाई पराजित गरेको हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको र सम्बन्धित क्लबलाई पर्न गएको पीडाप्रति क्षमाप्रार्थी छु । – प्रस, पर्सागढी